बैठक संख्या: ८४

मिति: २०८०।०६।२०

समय: बिहान ८:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा ८४ औं कार्यपालिकाको बैठक आज मिति २०८०।०६।२० शनिबारका दिन बिहान ८:०० बजे देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु सर्वसम्मत पारित गरियो ।

| **क्र.सं.** | **पद** | **नाम, थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री आङ फूर्वा शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङबु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा गेल्जेन शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री ङिमा याङजिन शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | श्री उमा बराईली | |
| १३ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री कल्पना दाहाल | |
| १५ | प्रशासनिक कर्मचारी | छत्र बहादुर खड्का | |

**बैठकमा उपस्थित कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | प्रशासकीय अधिकृत | सुजन कुमार बुढाथोकी | |
| २ | लेखा अधिकृत | चेतनाथ कटेल | |
| ३ | सूचना प्रविधि अधिकृत | खुमलाल श्रेष्ठ | |
| ४ | इञ्जिनियर | अविनाश अधिकारी | |

| | | | |
|---|---|---|---|
| ५ | सव ईञ्जिनियर | ऋषिराज कुमार राम | |
| ६ | सव ईञ्जिनियर | दिप कुमार बस्नेत | |

**प्रस्तावहरु**

१. ज्याला दररेट स्वीकृत सम्बन्धमा ।
२. निर्माणाधीन डिमदोर्जी शेर्पा पर्यटन सडकको थामडाँडा पैंया सुर्के मुसे चौंरीखर्क सडकको खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धमा ।
३. सडक सरसफाई सम्बन्धमा
४. सडकको नयाँ ट्र्याक ओपन गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

मिति २०८० श्रावण ९ गते बसेको यस गाउँपालिकाको ८३ औं कार्यपालिका बैठकबाट गठित दररेट निर्धारण समितिले व्यापक छलफल गरी आ. व. २०८०/०८१ का लागि पेश गरेको गाउँपालिकाको दररेट स्वीकृत गर्ने ।

**निर्णय नं. २**

निर्माणाधीन डिमदोर्जी शेर्पा पर्यटन सडकको थामडाँडा पैंया सुर्के मुसे चौंरीखर्क सडक खण्डको ट्र्याक ओपन गर्ने कार्य सम्झौतामा हस्ताक्षर भएको मितिले १ वर्ष ६ महिना भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी बिरुवा/ए डि जे भि बौद्ध- ६, काठमाण्डौ र यस कार्यालय बीच मिति २०७८ चैत्र २१ गते सम्झौता भएको छ ।
सम्झौतामा उल्लेखित कार्यतालिका अनुसार निर्माण व्यवसायी बिरुवा/ ए डि जे भि बौद्ध- ६, काठमाण्डौले सडक निर्माणका लागि आवश्यक पर्ने इलेक्ट्रिक डेटोनेटर र इमल्सन खरिद गर्न जिल्ला सुरक्षा समिति, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालयको सिफारिस हुँदै रक्षा मन्त्रालयबाट अनुमति लिन समय लाग्ने भएकाले उल्लेखित शर्त अनुसार माइलस्टोन १ को कार्य सम्झौता भएको मितिले ९० दिन अर्थात् २१ असार, २०७९ भित्र  र माइलस्टोन २ का कार्य २१ असोज, २०७९ भित्र तथा सडक निर्माणको सम्पूर्ण कार्य (माइलस्टोन ३ मा उल्लेखित कार्य) बोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. १.१ (V) मा उल्लेख भए अनुसार १८ महिना भित्र सम्पन्न गर्नु पर्ने व्यवस्था रहेकोमा १२ महिना मात्र उल्लेख भएकाले माइलस्टोनका सम्पूर्ण शर्तहरु समयावधिमा सम्पन्न गर्न कठिन भएकाले माइलस्टोनहरुको म्याद थप गरी पाउँ भनी संशोधित कार्यतालिका संलग्न राखी मिति २०७९।०२।२५ गते निर्माण व्यवसायीले निवेदन पेश गरे अनुसार मिति २०७९।०२।२६ गतेको ६७ औं कार्यपालिकाको बैठकले June, 2023 भित्र सम्पूर्ण कार्यको ६० प्रतिशत कार्य सम्पन्न हुने गरी म्याद थप भएको ।
थप भएको म्याद भित्र माइलस्टोनका कार्य सम्पन्न गर्न सडक निर्माणका लागि आवश्यक पर्ने इलेक्ट्रिक डेटोनेटर र इमल्सन भारतीय सरकारले नेपाल भित्र बिक्री वितरण गर्न रोक लगाएकाले सडक निर्माण कार्य सम्झौता अवधि भित्र सम्पन्न गर्न नसकिने भएकाले सम्झौता अवधि भित्र सम्पूर्ण कार्य सम्पन्न गर्ने गरी माइलस्टोन संशोधन गरिदिन निर्माण व्यवसायी बिरुवा/ए डि जे भि ले अनुरोध गरे अनुसार सम्झौताको अन्तिम मिति २०८० असोज २१ गते भित्र सम्पूर्ण कार्य सम्पन्न हुन मिति २०८०।०२।०७ गतेको यस गाउँपालिकाको ८१ औं कार्यपालिकाको निर्णयबाट म्याद थप भएको छ ।

मिति २०८०।०५।११ गते पुन: निर्माण व्यवसायी बिरुवा/ए डि  जे भि ले इलेक्ट्रिक डेटोनेटर र इमल्सन प्राप्त गर्नका लागि लामो प्रक्रिया अपनाउनु परेको, वर्षादका कारण निर्माणस्थलसम्म इन्धन तथा अन्य निर्माण सामाग्री ढुवानी गर्न नसकिएको, सम्झौता अवधि भित्रै आम निर्वाचन र स्थानीय निर्वाचन परेको कारणले June, 2024 भित्र कार्य सम्पन्न गर्ने गरी संशोधित कार्यतालिका सहित पेश गरेको छ ।

सार्वजनिक खरिद नियमावली २०६४ ( १२ औं संशोधन सहित) को नियम १२० को उपदफा (१) मा **ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ।** भन्ने व्यवस्था रहेको छ ।

निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद थप गर्न निवेदन दिइ सके पछि सो को आवश्यक कारबाहीका लागी उक्त नियमावलीकै नियम १२० को उपनियम **(२) (ग) मा उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा विपद् वा अन्य काबु बाहिरको परिस्थितिको कारण सम्झौताबमोजिमको काम हुन सक्ने अवस्था नभएको आवश्यक जाँचबुझ गरी वा गराई उक्त अवस्था देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्नेछ** भन्ने व्यवस्था रहेको छ

निर्माण व्यवसायीको निवेदन, सो सम्बन्धी कानुनी प्रावधान र निर्माणस्थलमा हालसम्म भएको प्रगति र सडक निर्माणका सन्दर्भमा यस कार्यालयमा छलफल हुँदा हालसम्म थामडाँडादेखि पैंयासम्म २.५ कि. मि. र सुर्केदेखि पाखेपानीसम्म  ३.५ कि. मि. गरी जम्मा ६ कि. मि. सडकको ट्र्याक ओपन सम्पन्न भई निर्माण हुनु पर्ने सडकको १७.४३२ कि. मि. सडक मध्ये ११.४३२ कि. मि. सडक निर्माण हुन बाँकी रहेको देखिन्छ ।

सडक निर्माण गर्न आवश्यक पर्ने इलेक्ट्रिक डेटोनेटर र इमल्सन नेपाली बजारमा नपाई भारतबाट खरिद गर्नु पर्ने अवस्थाका कारण लगभग ६ महिना सडक निर्माण कार्य समेत प्रभावित भएको अवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम (२) (ग) मा भएको विपद् वा अन्य काबु बाहिरको परिस्थितिको अवस्था सृजना भएको देखिन्छ ।

खरिद सम्झौतासँग सम्बन्धित Advance Payment Guarantee को म्याद मिति २०८१ असार १९ गते तदानुसार 02- July, 2024 सम्म रहेको र Performance Security को म्याद मिति २०८१ असोज १७ तदानुसार 03- October, 2024 सम्म रहेको छ ।

त्यसै गरी निर्माण व्यवसायीसँग सडकको ट्र्याक ओपन गर्नका लागि आवश्यक पर्ने इलेक्ट्रिक डेटोनेटर र इमल्सन करिब ५ टन मौज्दातमा रहेको, निर्माण गर्न नेपाली सेना समेत तैनाथमा रहेको, कार्य प्रगति अघिल्ला महिनाहरुको तुलनामा शिघ्र निर्माण कार्य भई रहेको पाईएकाले २०८१ असार मसान्तसम्मका लागि खरिद सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस गाउँपालिकाको केन्द्र हालसम्म सडकसँग जोडिएको छैन । खरिखोलादेखि थामडाँडासम्म करिब १४ कि. मि. सडकको ट्र्याक र खरिखोलादेखि पाङगोमसम्म करिब १० कि.मि. सडकको ट्र्याक ओपन भई राम्रो मौसममा खरिखोलादेखि पैंयासम्म र खरिखोलादेखि पाङगोमसम्म बोलेरो जीपमा आवतजावत गर्न तथा दैनिक उपभोग्य र विकास निर्माणका सामानहरु ढुवानी गर्न सकिन्छ । बर्षादका कारण खरिखोलादेखि थामडाँडासम्मको सडकको दायाँ बायाँ भाग भत्की लडी सडक पुरिएको, ड्रेन नभएका कारण सडक बगाएको

तथा हिलाम्मे सडकमा ट्याक्टर चलाएका कारण ठूला ठूला खाडल बनेको अवस्था भई खरिखोलादेखि पैंयासम्म र पाङ्गोमसम्म कुनै पनि प्रकारका सवारी साधनहरु सञ्चालन असाध्यै कठीन भएको भएको छ । यस गाउँपालिकामा अटम र स्प्रिङ सिजनमा भ्रमणमा आउने पर्यटकहरुको सुविधा, नजिकिई रहेको दशै र तिहार जस्ता पर्वहरुमा हुने मानिसहरुको आवत जावत र दैनिक उपभोग्य सामान तथा विकास निर्माणका सामानहरु सहज ढंगबाट ढुवानी गर्न अत्यावश्यक रहेकाले खरिखोलादेखि थामडाँडासम्मको सडकमा चोकर तथा ग्रावेल बिच्छयाउन, खाल्डाखुल्डी पुर्न तथा भत्केको भाग हटाई सरसफाई गर्न प्राविधिक लागत अनुमान अनुसार रु २७ लाख ७५ हजार खर्च हुने देखिएकाले उक्त खर्च यस गाउँपालिकाको दोस्रो गाउँ सभाको१३ औं अधिवेशनबाट स्वीकृत फुटकर योजना शीर्षकबाट खर्च लेख्ने । साथै यो कार्य गर्न सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार बोलपत्रको माध्यमबाट खरिद गर्न प्रक्रिया पुऱ्याई सम्झौता हुन मात्र न्यूनतम ६० दिन लाग्ने भएको र उक्त अवधिमा खुम्बु क्षेत्रको पर्यटकीय सिजन पनि सकिने, दशैं तिहार जस्ता पर्वहरु पनि सकिने भएकाले नागरिक तथा पर्यटकहरुको सुविधालाई ध्यानमा राख्दै उक्त कार्य तीन प्याकेज बनाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार सोझै खरिद प्रक्रियाबाट गर्ने ।

<u>**निर्णय नं. ४**</u>

निर्माणाधीन ङिमदोर्जी शेर्पा पर्यटन सडकको भष्मेमा भिर कटिङ गरी बनाएको ठाउँमा सडकको ग्रेड उच्च रहेका कारण उच्च गियरमा ड्राइभिङ गर्नु तथा हाइ ग्रेडको अन्तिम विन्दुमा टर्निङ पोईण्ट रहेको कारण सवारी साधनको गति नियन्त्रण गरी टर्निङ मोड्दा दुर्घटना हुने सम्भावना अत्यन्त बढी भएको, सडक निर्माणको टर्निङ काटी ग्रेड मिलान गर्न कडा चट्टान भएको भिर रहेको कारण खर्चिलोका साथै ग्रेड समेत नमिल्ने भएकाले उक्त भिरलाई छली नयाँ ट्र्याक ओपन गर्न हाल निर्माण भईरहेकै सडककै शर्त र सम्झौतानुसार हुने गरी निर्माण व्यवासायी बिरुवा/ ए डि जे भि लाई लगाउने ।